## फुड स्ट्याम्प्स (खाद्य छाप)

**जर्जिया निवासीहरूले अब www.compass.ga.gov मा जर्जिया कम्पास (सिओएमपिएएसएस) मार्फत फुड स्ट्याम्प्सका लागि अनलाइन आवेदन गर्न सक्नेछन् ।**

जर्जिया परिपूरकीय पोषण सहयोग कार्यक्रम (एसएनएपि), जसलाई फुड स्ट्याम्प्स (खाद्य छाप) कार्यक्रम भनेर पनि जानिन्छ, एउटा यस्तो फेडेरलद्वारा लागत लगाइएको कार्यक्रम हो जसले न्युन-आय भएका घरपरिवारहरूलाई खाद्यान्नको खर्च भुक्तानी गर्न मासिक लाभहरू प्रदान गर्दछ। घरपरिवार भन्नाले, एक्लै बसिरहेको व्यक्ति, सँगै बसिरहेका परिवार वा सँगै बसिरहेका धेरै असम्बन्धित व्यक्तिहरू पनि पर्दछन् जसले नियमित रूपमा मिलेर खाद्यान्न खरीद गर्छन् र तयार गर्छन् ।

जोसुकैले पनि फुड स्ट्याम्प लाभहरूका लागि आवेदन गर्न सक्छन् । यस कार्यक्रमले त्यस्ता घर परिवारहरूलाई सहयोग गर्छ जसका सीमित आय र स्रोतहरू छन् ।

**लाभहरूका लागि आवेदन दिन र योग्यता आवश्यकताहरूबारे पत्ता लगाउने जानकारी प्राप्त गर्न यहाँ क्लिक गर्नुहोस् (फाराम ४७)**
आवेदनलाई त्यतिबेला मात्र फाइल गरिएको मानिनेछ जतिबेला, त्यसमा घरपरिवारको प्रमुखको नाम, ठेगाना, मिति र घरपरिवारका प्रमुख वा अन्य सदस्यको हस्ताक्षर हुन्छ र जसलाई स्थानिय काउन्टी विभागद्वारा प्राप्त गरिएको हुन्छ । आवेदन अनलाइन, ब्यक्तिगत रूपमा वा हुलाक वा फ्याक्सद्वारा परिवार र बच्चा सेवाहरू विभागमा फाइल गर्न सकिनेछ ।

### लाभहरूका लागि आवेदन - (फाराम २९७) - प्राप्त गर्नका लागि यहाँ क्लिक गर्नुहोस्।

**तपाईंको आवेदन फाइल भएपछि,** तपाईं वा तपाईंको घरपरिवारको सदस्यको डिएफसिएसका स्टाफद्वारा अन्तर्वार्ता गरिएको हुनुपर्नेछ । जसको अन्तर्वार्ता लिइन्छ उसले तपाईंको घरपरिवारको स्थिति बारे जानेको हुनु पर्नेछ ।

वृद्धवृद्धा/असक्त व्यक्ति वा कार्यालयमा आउन कठिनाइ हुने व्यक्तिहरूका लागि अन्तर्वार्ता फोनबाट, पहिले नै निर्धारित घर भ्रमण, वा कार्यालय भ्रमण मार्फत गर्न सकिनेछ ।

वृद्धवृद्धा/असक्त घरपरिवारहरू उनीहरूको कुल आय जे भए पनि लाभहरूका लागि योग्य हुन सक्छन् । लाभहरूका लागि आवेदन गर्नका लागि आफ्नो परिवार र बच्चा सेवाहरूको काउन्टी विभागमा सम्पर्क राख्नुहोस् वा **www.compass.ga.gov** मा **कम्पास (सिओएमपिएएसएस) को वेबसाइटमा** जानुहोस्।

जर्जिया कम्पासले ग्राहकहरूलाई फुड स्ट्याम्पका लागि अनलाइन आवेदन गर्न र प्रि-स्क्रिनिङ (पूर्व छानबीन) औजार मार्फत अन्य **डिएचएस** सामाजिक सेवा कार्यक्रमहरूकालागि उनीहरूको सम्भावित योग्यता जाँच्न अनुमति दिन्छ। जर्जिया कम्पासमा अकाउन्ट बनाउने ग्राहकहरूले, आफ्नो आवेदनको स्थिति अनलाइनमा जाँच गर्न सक्छन् । फेरि, कुनै पनि फुड स्ट्याम्प प्राप्तकर्ताले जर्जिया कम्पास मार्फत आफ्ना घरपरिवारको स्थितिमा परिवर्तन गर्न सक्छन्। **डिएचएसले** हामीसँगको तपाईंको अनुभवलाई छिटो, मित्रवत र सजिलो बनाउने प्रयाश गरिरहेको छ ! **www.compass.ga.gov** लिङ्कमा आजै जर्जिया कम्पास प्रयोगको प्रयाश गर्नुहोस्।

**फुड स्ट्याम्प कार्यक्रमका लागि नागरिक अधिकार-गैर-विभेद वक्तव्य**

"फेडेरल कानुन र अमेरिकी कृषि विभाग (युएसडिए) अनुसार, यो संस्थालाई जात, रङ, उत्पत्ति राष्ट्र, लिङ्ग, उमेर वा असक्तताका आधारमा कसैलाई पनि विभेद गर्न निषेध गरिएको छ। **२००८ को खाद्य र पोषण अधिनियम** र युएसडिए नीति अन्तर्गत, धर्म र राजनैतिक आस्थाका आधारमा पनि विभेद गर्न निषेध गरिएको छ।"

विभेदको गुनासो फाइल गर्न, तपाईंले युएसडिएमा सम्पर्क गर्न सक्नुहुन्छ । USDA, Director, Office of Civil Rights, 1400 Independence Avenue, S.W., Washington, D.C. 20250-9411मा लेख्नुहोस् वा (८००) ७९५-३२७२(आवाज) वा (२०२) ७२०-६३८२(टिटिवाइ) मा फोन गर्नुहोस्।

तपाईंले डिएफसिएस नागरिक अधिकार कार्यक्रम, Two Peachtree Street, N.W., Suite 19-248, Atlanta, Georgia 30303 मा सम्पर्क गरेर वा (४०४) ६५७-३७३५ मा फोन गरेर वा (४०४) ४६३-३९७८ मा फ्याक्स गरेर पनि विभेद विरूद्ध गुनासो फाइल गर्न सक्नुहुन्छ ।

काउन्टीको डिएफसिएस कार्यालय पत्ता लगाउनका लागि - यहाँ क्लिक गर्नुहोस् ।